## पाठ ४४

१. त्यो दिन जकारिया पवित्रस्थानमा परमेश्वरलाई धूप चढाउन गए र त्यहाँ केही घटना भयो ।
- परमेश्वरका एकजना स्वर्गदूत त्यहाँ देखापरे ।

२. स्वर्गदूतले जकारियालाई के भने ?
- स्वर्गदूतले जकारियालाई परमेश्वरले तिनलाई एकजना छोरा दिनुहुँदैछ र तिनको नाउँ यूहन्ना राखिनेछ भने ।

३. परमेश्वरले दिन जकारियालाई दिनलाग्नुभएको छोराको बारेमा स्वर्गदूतले अरू थप के भने ?
- स्वर्गदूतले जकारियाको छोरा यूहन्नाको बारेमा यसो भने कि तिनले मानिसहरूलाई आउनुहुने उद्धारकर्ताको आगमनको निम्ति तैयार पार्नेछन् ।

४. आउनुहुने उद्धारकर्ताको बारेमा स्वर्गदूतले के भने ?
- प्रभु ।

५. प्रभु को हुनुहुन्छ ?
- परमेश्वर ।

६. स्वर्गदूतले मरियमलाई के भने ?
- स्वर्गदूतले मरियमलाई परमेश्वरले तिनलाई आउनुहुने उद्धारकर्ताको जन्म दिनको लागि छान्नुभएको छ भने ।

७. मरियमको छोराको नाउँ के राखिनेवाला थियो ?
- येशू ।

८. येशूको नाउँको अर्थ के हो ?
- येशूको नाउँको अर्थ उद्धारकर्ता हो ।

९. स्वर्गदूतले मरियमले जन्माउने छोरा प्रधानपुत्र हुनुहुनेछ भन्नुको अर्थ के हो ?
- मरियमका छोरा परमेश्वरका छोरा कहलाइनुहुनेथियो ।

१०. मरियमका छोरा कसरी परमेश्वरका छोरा हुनुहुनेवाला थियो ?
- पिता परमेश्वर र पवित्र आत्मा परमेश्वरले उद्धारकर्ता परमेश्वरलाई यस धर्तिमा परमेश्वरका पुत्र र मानिसको पुत्रका रूपमा पठाउनुहुँदैथियो ।

११. मरियमका छोरा मानिस वा परमेश्वर के हुनुहुन्थ्यो ?
- मरियमका छोरा पूर्णरूपले परमेश्वर र पूर्णरूपले मानिस हुनुहुन्थ्यो ।

१२. किन मरियमका छोरा मानव पिता र माताको बीउविना जन्मिनुहुनेवाला थियो ?

- ताकि उहाँ आदम र हव्वाको पापबाट मुक्त भएर जन्मिन सकून् ।
- ताकि उहाँ पापरहितभएर सिद्धरूपमा जन्मिन सकून् ।

१३. के येशू परमेश्वरले अब्राहाम, इसहाक, याकूब र अरू मानिसहरूसँग प्रतिज्ञा गर्नुभएका उद्धारकर्ता बन्नुहुनेवाला थियो ।
- हो, थियो ।

- जकारियाकी स्वास्नी एलिजावेथको बच्चा जन्माउने बेला आयो ।

आउनुस् लूका १:५७-५८ पद पढौं ।

[57] इलीशिबाको सुत्केरी हुने समय भयो अनि तिनले एउटा छोरो जन्माइन्। [58] तिनका छिमेकीहरू र आफन्तहरूले तिनीप्रति परमप्रभु परमेश्वरले अति नै अनुग्रह देखाएको सुनेका थिए। तिनीहरू मरियमसँग खुशी थिए।

- जकारिया र एलिजावेथलाई छोरा दिने भन्ने प्रतिज्ञा के परमेश्वरले कायम राख्नुभयो ?

- जब जकारियाका छोरा यूहन्ना जन्मिए पवित्र आत्मा परमेश्वर जकारियासँग बोल्नुभयो ।

आउनुस् लूका १:६७-७१

[67] त्यसपछि यूहन्नाको बाबु जकरियामा पवित्र आत्मा आउनु भयो। अनि तिनले यस्तो अगमवाणी दिन थालेः [68] "इस्राएलका परमप्रभु परमेश्वरको प्रशंसा गर। कारण उहाँले आफ्ना मानिसहरूलाई सहायता गर्नु भयो, अनि तिनीहरूलाई स्वतन्त्रता दिनुभयो। [69] परमेश्वरकै सेवक दाऊदका बंशबाट उहाँले हामीलाई शक्तिशाली मुक्तिदाता दिनु भएको छ। [70] उहाँले भन्नु भएको थियो कि उहाँले यी सब गर्नु हुनेछ। धैरै अघिनै उहाँका पवित्र अगमवक्ताहरूबाट उहाँले यी सब कुराहरू भन्नु भएको हो। [71] उहाले हामीलाई शत्रुहरूदेखि, अनि हामीलाई घृणागर्ने शक्तिहरूदेखि जोगाउनु भएको छ।

- जकारियाले के भनिरहेका थिए ?
- जकारियाले परमेश्वरको प्रशंसा गरिरहेका थिए ।

- जकारियाले किन परमेश्वरको प्रशंसा गरिरहेका थिए ?
- जकारियालाई परमेश्वरले उद्धारकर्ता पठाउन गइरहनुभएको छ भन्ने थाहा थियो ।

- जकारियालाई परमेश्वरले उद्धारकर्ता पठाउनुहुन्छ र उहाँले मानिसहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट मानिसलाई बचाउँछ ।

- सबै मानिसले पाप, मृत्यु र शैतानको शक्तिबाट बाँच्नु पर्छ ।

- त्यसकारणले नै परमेश्वरले उद्धारकर्ता पठाउन गइरहनुभएको थियो ।

- जकारियालाई कसरी उद्धारकर्ता आउनुहुन्छ र मानिसहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउनुहुन्छ भन्ने थाहा थियो ?

- किनभने जकारियाले परमेश्वरको पुस्तक बाइबल पढ्थे र त्यसमा पढेअनुसार परमेश्वरले उद्धारकर्ता पठाउनुहुन्छ भनेर थाहा पाए ।

- जकारियाले थप के कुरा भने ?

आउनुस् लूका १:७२-७५ पद पढौं ।

72 उहाँले हाम्रा पुर्खाहरूलाई दया गर्नेछु भन्नु भएकोछ।
उहाँले पवित्र करार पनि स्मरण गर्नु भएकोछ।
73 उहाँले हाम्रा पुर्खा अब्राहामको अघि शपथ खानु भएको थियो की
74 उहाँले हामीलाई हाम्रो शत्रुहरूको पन्जाबाट स्वतन्त्र राख्ने शपथ लिनु भएकोछ,
औ हामीलाई निर्भयपूर्वक उहाँको सेवामा राख्नु हुनेछ।
75 जब सम्म हामी जीवित रहन्छौ हामी पवित्र अनि परमेश्वर अघि सही मार्गमा रहनेछौं।

- जकारियालाई परमेश्वरले उद्धारकर्ता पठाउनुहुन्छ भनी गर्नुभएको प्रतिज्ञा कायम राख्नुहुन्छ भन्ने थाहा थियो ।

- यो प्रतिज्ञा परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग धेरै पहिले नै गर्नुभएको थियो ।

- परमेश्वर सधैं उहाँको प्रतिज्ञा कायम राख्नुहुन्छ ।

- परमेश्वरले कहिल्यै उहाँको प्रतिज्ञा भङ्ग गर्नुहुन्न ।

- जकारियाले तिनीबाट जन्मिएका तिनका छोरा यूहन्नाको बारेमा के कुरा भने ?

आउनुस् लूका १:७६ पद पढौं ।

76 "ए बालक, अब तिमी, महा-महिमाको अगमवक्ता कहलाइनेछौ। उहाँको आगमनको मार्ग तयारी पार्न तिमी सर्वप्रथम परमेश्वरको अघि जानेछौ।

- जकारियाले तिनका छोरा यूहन्ना अति उच्चका अगमवक्ता हुनेछन् भने ।

- अति उच्च को हुनुहुन्छ ?
- पिता परमेश्वर ।

- जकारियाका छोरा यूहन्नाले गर्ने काम के थियो ?

- यूहन्नाले परमेश्वरको अघि अघि उहाँको मार्ग तैयार पार्न जानुपर्थ्यो ।

- यो परमेश्वर को हुनुहुन्थ्यो जसको अघिअघि यूहन्नाले उहाँको मार्ग तैयार पार्नुपर्थ्यो ?

- येशू, उद्धारकर्ता परमेश्वर ।

- बाढीको समयमा कसले एक्लै नोआ र तिनको परिवारलाई बचाएको थियो ?

- परमेश्वर ।

- कसले एक्लै इसहाकलाई बचाएर तिनको सट्टामा भेडो जुटाइदिनुभएको थियो ?

- परमेश्वर ।

- कसले एक्लै इज्रेलीहरूलाई फारोको दासत्वबाट बचाएको थियो ?

- परमेश्वर ।
- योनालाई ठूलो माछाको पेटमा सुरक्षित गर्न सक्नुहुने एक्लो को थियो ?
- परमेश्वर ।

- परमेश्वर एक्लैले हामीलाई शैतान, पाप र मृत्युको शक्तिबाट बचाउन सक्नुहुन्छ ।

- जकारियाले आफ्ना छोरा यूहन्नाको विषयमा थप कुरा अरू के भने ?

आउनुस् लूका १:७७ पद पढौं ।

77 तिमीले उहाँका मानिसहरूलाई तिनीहरूको पापहरूबाट क्षमा पाएर कसरी बाँच्ने त्यो बुझाउनेछौ।

- जकारियाले तिनका छोरा यूहन्नाले मानिसहरूलाई बाँच्ने बाटो देखाउनेछन् भने ।

- जकारियाले तिनका छोरा यूहन्नाले मानिसहरूलाई तिनीहरूको पापको बोझ उठाइदिनेसम्म बाटो देखाउनेछन् भने ।

- जकारियाले अरू थप कुरा के भने ?

आउनुस् लूका १:७८-७९

78 "परमेश्वरको प्रेमपूर्ण करूणा पाएर, हामीमा स्वर्गबाट एउटा नयाँ उज्यालो ज्योति चम्कनेछ।
79 उहाँले अन्धकारमा बसेका, मृत्युको डरमा परेकाहरूलाई मद्दत गर्नु हुनेछ। उहाँले हामीलाई
शान्तिको मार्गतिर पथ-प्रदर्शन गर्नु हुनेछ।"

- आउनुहुने उद्धारकर्ता कसरी उदाउँदो सूर्यजस्तो हुनुहन्छ ?

- यहाँ एउटा उदाहरण छ ।

- एउटा असाध्यै अँध्यारो रातमा न त जून न त ताराको उज्यालो तपाईं कुनै बिरानो जङ्गलमा हराउनुभयो ।

- तपाईं अँध्यारोसँग असाध्यै डराउनुभयो र उत्कटतापूर्वक बिहानको सूर्यको उज्यालोको प्रतीक्षा गर्नुभयो ।

- जब आदम र हव्वाले पाप गरे तिनीहरू परमेश्वरबाट अलग भए जो तिनीहरूको आत्माको प्रकाश हुनुहुन्थ्यो ।

- तिनीहरूको पापको कारणले गर्दा तिनीहरूको आत्मा शैतानको अँध्यारोभित्र प्रवेश गऱ्यो ।

- पापको कारणले गर्दा सबै मानिसहरू शैतानको अँध्यारोमा जन्मिएका छन् ।

- बिहानको सूर्यले अँध्यारोलाई चिर्दै उज्यालो दिएजस्तै उद्धारकर्ता शैतानको अँध्यारोलाई चिर्दै आउनुहुनेथियो ।

- संसारमा कतिवटा सूर्य छन् ?
- केवल एक ।

- संसारमा केवल एक सूर्य भएजस्तै संसारमा उद्धारकर्ता पनि एकजना मात्रै हुनुहुन्छ ।

- परमेश्वरले कतिजना उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो ?
- केवल एक ।

- केवल एक सूर्यले संसारलाई उज्यालो दिएजस्तै केवल एकजना उद्धारकर्ताले संसारलाई बचाउनुहुन्छ ।

- परमेश्वरले धेरैजना उद्धारकर्ता पठाउँछु भनेर प्रतिज्ञा गर्नुभएन ।
- परमेश्वरले केवल एकजना उद्धारकर्ता पठाउछु भन्नुभयो ।

- जकारिया छोरा यूहन्ना हुर्किए र परमेश्वरमा धेरै विश्वास गरे ।

आउनुस् लूका १:८० पद पढौं

80 यसरी नै ती बालक बढ्दै गए र आत्मामा शक्तिमान हुँदै गए। जबसम्म इस्राएलमा मानिसहरूलाई शिक्षा दिन तिनी आएनन् त्यत्तिबेला सम्म यूहन्ना मानिसहरूदेखि टाडा भएर बसे।

- परमेश्वरले यूहन्नालाई मानिसहरूलाई बच्नको लागि हिँड्नुपर्ने बाटोमा लाग्न आह्वान गर्न नअह्राउन्जेलसम्म तिनी मरुभूमिमा बसे ।